बैठक संख्या -९४

आज मिति २०८१।०२।१५ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | बुटी तामाङ |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | ज्ञानु |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ९४ मितिः २०८१।०२।१५

निर्णयहरू:

१. गाउँकार्यपालिकाको विगतमा भएका निर्णयहरुको समीक्षा गरियो ।

२. गाउँपालिकाबाट यस आर्थिक वर्षमा प्रदान गरिने छात्रवृत्तिका लागि छात्रवृत्ति व्यवस्थापन समितिको सिफारिस बमोजिम तपशिलका आवेदकहरुलाई छनौट गर्नेः

| क्र.सं. | नाम थर | विषय | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | प्रतिमा थापा क्षेत्री | हेल्थ असिस्टेन्ट | उत्तरगया -४ | |
| २. | मालती वाइवा | हेल्थ असिस्टेन्ट | उत्तरगया -४ | |
| ३. | दिव्या आचार्य | MBBS | उत्तरगया -५ | |
| ४. | समिर आचार्य | सिभिल इन्जिनियर | उत्तरगया -५ | |
| ५. | सरिना पौडेल | बि एस् सी | उत्तरगया -२ | |
| ६. | रिया श्रेष्ठ | स्टाफ नर्स | उत्तरगया -५ | |
| ७. | सुवास आचार्य | विद्यावारिधि | उत्तरगया -५ | |
| ८. | ऋतिक ढकाल | पशु विज्ञान | उत्तरगया -५ | |
| ९. | सिर्जिला कुमारी घले | स्टाफ नर्स | उत्तरगया -४ | |
| १०. | विराट पौडेल | सिभिल इन्जिनियर | उत्तरगया -५ | |

३. यस गाउँपालिकाबाट रैथाने बाली प्रवर्द्धन कार्यक्रमका गाउँपालिकाबाट आव्हान भएको प्रस्तावबाट श्री कालिका बहुउद्देशीय सहकारी संस्थालाई छनौट गर्ने ।

४. प्रतिवद्ध परियोजनासँगको साझेदारीमा प्राथमिक उपचार तथा उद्धार कार्यका लागि यस गाउँपालिकाका जनशक्तिलाई तालिम सञ्चालन गरिएंकोमा उक्त कार्यक्रममा विपद व्यवस्थापन कोषबाट रु ५०,०००/- साझेदारी गरी भुक्तानी दिने ।

५. खेलकुद प्रशिक्षण कार्यक्रम वडा नं ४ को लागि विनियोजित बजेटबाट प्रशिक्षक पारिश्रमिक भुक्तानी गर्ने गरी कार्यक्रम कार्यान्वयन मार्गदर्शनमा व्यवस्था गरिएकोमा प्रशिक्षक खर्चबाट बाँकी रहेको बजेटबाट खेल प्रशिक्षण कार्यक्रमका लागि आवश्यक सामाग्री खरिद गर्ने गरी संशोधन गर्ने ।

६. कार्यालयबाट मध्यमकालिन खर्च संरचना र परियोजना बैंक निर्माणका लागि नियमानुसारको खर्च गरी उक्त शिर्षकहरुबाट नै सम्बन्धित कार्यका मस्यौदा समितिका सदस्यहरु प्रत्येक क्रियाकलापको लागि अतिरिक्त समय खटिई कार्यसम्पादन गर्नुपर्ने भएकाले सम्बन्धित

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ९४ | मितिः २०८१।०२।१५

शिर्षकहरुको खर्च सिमा नबढ्ने गरी प्रत्येक क्रियाकलाप सम्पादनको लागि छुट्टाछुट्टै मस्यौदा समितिका सदस्यहरुलाई प्रति क्रियाकलाप १/१ महिनाको आधार तलबमान बरावरको सुविधा उपलब्ध गराउने ।

७. बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने ।

८. यस आर्थिक वर्षमा धार्मिक तथा साँस्कृतिक कार्यक्रम सञ्चालन, सम्वर्द्धन तथा संस्था सहायता शिर्षकमा विनियोजित रकमबाट तपशिल बमोजिम भुक्तानी दिन कार्यालयलाई निर्देशन दिनेः

क. साहित्य संगम नुवाकोटद्वारा आयोजित साहित्यिक कार्यक्रम सहायताः रु ५०,०००/-

ख. वडा नं. २ भूमेदेवी श्रीदेवी पूजाः रु ४३,०००/-

ग. वडा नं. ३ भूमेदेवी श्रीदेवी पूजाः रु ४८,५००/-

घ. वडा नं. ३ सतिघाटु नाच कार्यक्रमः रु १,००,०००/-

ङ. माघेसक्रान्ति गोरुजुधाइ कार्यक्रमः रु १,००,०००/-

९. लाङटाङ राष्ट्रिय निकुञ्ज र गोसाइकुण्ड गाउँपालिकाद्वारा आयोजित रेडपाण्डा ट्रफि खेलकुद कार्यक्रममा गाउँपालिकाको प्रतिनिधित्व गर्दै सहभागी भएका २ वटा खेलाडी समूहको उक्त अवधीको खर्च रु १,२५,०००/- (एक लाख पच्चिस हजार रुपैयाँ ) भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने।

२०८१/०२/१५

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत